**कार्यकारी परिषदको मिति २०७९/०७/२९ गतेको निर्णय नं. १ बाट स्वीकृत**

## नेपाल खुला विश्वविद्यालय

मानभवन, ललितपुर

## मितेरी विद्यालय छनौट तथा सन्चालन कार्य व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना** : नेपाल खुला विश्वविद्यालय, सामाजिकशास्त्र तथा शिक्षा संकाय अन्तर्गत शिक्षा समूहका विषयहरुको शिक्षण अभ्यास, इन्टर्नसिप, अनुसन्धान तथा शिक्षण विधि र प्रविधि सम्बन्धी सहकार्य गर्न प्रयोगात्मक विद्यालय (मितेरी विद्यालय) आवश्यकता भएकोले त्यस्ता विद्यालयहरु छनौट गर्न तथा आवश्यक व्यवस्थापकीय कार्यहरु गर्न "मितेरी विद्यालय छनौट तथा सन्चालन कार्य व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९" नेपाल खुला विश्वविद्यालय शैक्षिक प्रशासन सम्बन्धी नियम, २०७४ को दफा १६६ बमोजिम कार्यकारी परिषदले स्वीकृत गरी यो निर्देशिका जारी गरिएको छ।

### परिच्छेद - १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "नेपाल खुला विश्वविद्यालय मितेरी विद्यालय छनौट तथा सन्चालन कार्य व्यवस्थापन सम्बन्धी कार्य विधि २०७९" रहेको छ।

ख) यो कार्यविधि कार्यकारी परिषदको बैठकबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

क) "शैक्षिक कार्यकम" भन्नाले समाजिक शास्त्र तथा शिक्षा संकायको शिक्षा समूह अन्तर्गत विश्वविद्यालय आफ्नै श्रोत र साधनबाट वा अन्य सहयोगी संस्थाहरुबाट संचालित शैक्षिक कार्यकमलाई जनाउँछ।

ख) "परियोजना" भन्नाले नेपाल खुला विश्वविद्यालय शैक्षिक विकास/अनुसन्धान परियोजना व्यवस्थापन कार्य विधि २०७६ अनुसार संचालित परियोजना वा कार्यकमलाई जनाउँछ।

ग) “मितेरी विद्यालय” भन्नाले यसै परिच्छेदको २ (ख) बमोजिम शैक्षिक कार्यक्रमहरु अन्तर्गत शिक्षण अभ्यास, इन्टर्नशीप, अनुसन्धान तथा शिक्षण विधि र प्रविधि सम्बन्धी कार्यक्रम गर्न अनुमति दिने वा सहकार्य गर्ने विद्यालयहरुलाई जनाउँछ ।

घ) “विद्यार्थी शिक्षक” भन्नाले यस विश्वविद्यालयमा शिक्षा विषय अन्तर्गत भर्ना भई मितेरी विद्यालयमा शिक्षण अभ्यास/इन्टर्नशीप, अनुसन्धान वा अन्य शैक्षिक क्रियाकलापमा संलग्न विद्यार्थीलाई जनाउँछ ।

## परिच्छेद २

## उद्देश्य

३. मितेरी विद्यालय छनौट गर्नुको उद्देश्य निम्न बमोजिम हुनेछन्:

क) नेपाल खुला विश्वविद्यालय, सामाजिकशास्त्र तथा शिक्षा संकाय अन्तर्गत शिक्षा समूहका विषयहरुमा अध्यायनरत विद्यार्थीहरुको शिक्षण अभ्यास तथा इन्टर्नसिप जस्ता प्रयोगात्मक कार्य गर्नु,

ख) शैक्षणिक बिषयमा अनुसन्धान सम्बन्धी कार्यहरु गर्नु,

ग) शिक्षण विधि र प्रविधि सम्बन्धी सबलीकरण कार्यमा भौतिक, वौद्धिक तथा प्राविधिक सरसहयोग तथा सहकार्य गर्नु,

## परिच्छेद - ३

## मितेरी विद्यालय छनौट सम्बन्धी व्यवस्था

४. मितेरी विद्यालय छनौटका आधार निम्न बमोजिम हुनेछ :

क) मितेरी विद्यालयहरु प्रदेशस्तरबाट छनौट गरिने छन् र प्रत्यक प्रदेशमा न्यूनतम पनि एक विद्यालय हुनु पर्ने छ । कम्तिमा कक्षा ८ देखि १२ कक्षा सम्म संचालित सार्वजनिक विद्यालयहरुलाई प्राथमिकतामा राखिने छ ।

ख) विद्यालयको आफ्नो भवन तथा जग्गा हुनु पर्ने छ ।

ग) शिक्षक तालिम, कार्यशाला तथा अनुसन्धानको लागि यथेष्ट विद्यार्थी संख्या हुनु पर्ने छ ।

घ) संकायको आवश्यकता अनुसार मितेरी विद्यालयहरु विभिन्न प्रदेशहरुमा छनौट गर्न सकिने छ । विद्यालय छनौटको लागि सम्बन्धित डीनको कार्यालयबाट विश्वविद्यालय कार्यकारी परिषदमा सिफारिस गर्नुपर्ने छ । मितेरी विद्यालयको संख्या आवश्यकता अनुसार डीनको कार्यालयको सिफारिसमा विश्वविद्यालयको कार्यकारी परिषदले व्यवस्था तथा थप गर्न सक्ने छ ।

ङ) विद्यालयको कार्यसम्पादन (परीक्षा नतिजा, पुरस्कार, नेतृत्व, शिक्षक कर्मचारीको व्यवस्थापन तथा स्थायीत्व) तथा शैक्षिक वातावरण मूल्याङ्कनको आधार हुने छ ।

च) विद्यालयको भौतिक पूर्वाधार, जनशक्ति र प्रविधि उचित स्तरको हुनु पर्नेछ ।

छ) मितेरी विद्यालय विश्वविद्यालयका विद्यार्थी र विश्वविद्यालयका अध्ययन केन्द्रहरु वा अन्य सरोकारवाला संस्थाहरु जस्तै शैक्षिक तालिम केन्द्र, स्थानिय वा प्रदेश स्तरीय शैक्षिक संस्थाबाट भौगोलिक रुपमा पायक पर्ने स्थानमा हुनु पर्नेछ ।

ज) विश्वविद्यालय तथा स्थानीय वा प्रदेश स्तरीय सरकार वा निकायसँग सहजरुपमा सहकार्य र सहयोग गर्ने वातावरण हुनु पर्नेछ ।

झ) विश्वविद्यालयसँग सहकार्य गर्न व्यवस्थापन समिति र स्थानीय तहको अनुमति प्राप्त हुनु पर्नेछ ।

ञ) विद्यार्थी–शिक्षक, अनुसन्धान, सुपरिवेक्षक वा अनुगमन कर्ताहरुको लागि पहुँचमा हुनु पर्नेछ ।

ज) विश्वविद्यालयबाट तोकिएको अवधि सम्म कार्य गर्ने प्रतिवद्धता साथै परिवर्तन र रुपान्तरणमा जोड दिने मितेरी विद्यालयको नेतृत्व हुनु पर्नेछ ।

## परिच्छेद ४
## मितेरी विद्यालयले पालना गर्नु पर्ने शर्त र प्राप्त गर्ने सुविधाहरु

५. मितेरी विद्यालयले पालना गर्नु पर्ने शर्तेहरु निम्न बमोजिम हुनेछन्:

क) विश्वविद्यालयबाट पठाइएका विद्यार्थी-शिक्षक वा शोधकर्तालाई शिक्षण अभ्यास, इन्टर्नशीप वा अनुसन्धान गर्न अनुमति दिनुपर्ने,

ख) शिक्षण अभ्यास, इन्टनेशीप तथा अनुसन्धानमा संलग्न व्यक्तिहरुको कार्यको सुपरिवेक्षण गर्न खटाइएका विज्ञहरुलाई विज्ञहरुले अनुगमन तथा सुपरिवेक्षण गर्न अनुमति दिनुपर्ने,

ग) विश्वविद्यालय र विद्यालय बीच सम्झौता बमोजिम कार्यहरु गर्न तत्पर हुनुपर्ने,

६. मितेरी विद्यालयले प्राप्त गर्ने सुविधाहरु निम्न बमोजिम हुनेछन्:

क) शिक्षण अभ्यास र इन्टर्नशीप गर्न शैक्षिक सामग्री वा प्रयोगात्मक सामाग्री उपलब्ध गराए बापत शिक्षा संकायको शिक्षणअभ्यास निर्देशिका बमोजिम खर्चरकम उपलब्ध गराइने छ ।

ख) कुनै संस्था वा परियोजनाबाट यस विश्वविद्यालय मार्फत प्राप्त हुने भौतिक वा प्राविधिक सहयोग उक्त संस्था वा परियोजनासँग विश्वविद्यालयले गरेको सम्झौता बमोजिम हुनेछ ।

## परिच्छेद ५
## मितेरी विद्यालय शिफारिस समिति सम्बन्धी व्यवस्था

७. मितेरी विद्यालय शिफारिस समिति सम्बन्धी व्यवस्था निम्न बमोजिम हुनेछ :

क) मितेरी विद्यालय शिफारिस गर्न एक शिफारिस समितिको व्यवस्था गरिने छ ।

ख) माथि 'क' बमोजिमको समितिमा देहाय अनुसार गरिनेछ ।

अ) शिक्षा संकायको डीन वा डीनले मनोनय गरेको विज्ञ - संयोजक १

आ) शैक्षिक कार्यक्रम संयोजकहरु मध्येबाट डीनले मनोनय गरेको- सदस्य १

इ) परियोजना वा सहयोगी संस्था संग्लग्न रहेको अवस्थामा सम्बन्धित परियोजना वा सहयोगी संस्थाहरु बाट अथवा परियोजना वा सहयोगी संस्था संग्लग्न नरहेको अवस्थामा शिक्षाशास्त्र कार्यक्रमसँग सम्बन्धित बिशेषज्ञ मध्यबाट डीनले मनोनय गरेको विज्ञ - सदस्य १

ग) नियम ७ ख) बमोजिमको समिति आवश्यता अनुसार एक भन्दा बढी पनि गठन गर्न सकिने छ।

घ) कुनै शैक्षिक कार्यक्रम परियोजना वा सहयोगी संस्थाहरुबाट संचालन भएको अवस्थामा ती संस्थाका प्रतिनिधिको रुपमा कम्तिमा एकजना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिने छ ।

ङ) छनैाट समितिले आफ्नो कार्यविधि विश्वविद्यालय नियमानुसार आफै तय गर्नेछ ।

## परिच्छेद ६

## मितेरी विद्यालयसँग सम्झौता सम्बन्धी व्यवस्था

८. नियय ७ बमोजिम छनौट भएका विद्यालयहरुसँग विश्वविद्यालयको शिक्षा संकायका डीनले सम्झौता गर्नेछ ।

९. मितेरी विद्यालयसँग गरिने सम्झौता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) यस विश्वविद्यलायले मितेरी विद्यलायसँग गर्ने सहकार्यहरु सम्बन्धमा द्विपक्षीय वा बहुपक्षीय सम्झौता गर्न सक्नेछ ।

ख) सहकार्यका मुख्य क्षेत्रहरु शिक्षण अभ्यास, इन्टर्नशीप, अनुसन्धान तथा शिक्षण विधि र प्रविधिको स्तरोन्नति सम्बन्धी हुनेछन् ।

ग) बहुपक्षीय सम्झौता गर्दा अन्य निकाय वा संस्थाहरु स्थानीय तह, शिक्षा एकाई, वा अन्य सहयोगी वा दात्री संस्थाहरुलाई संलग्न गर्न सकिने छ ।

घ) द्विपक्षीय सम्झौता गर्दा विश्वविद्यालयको कार्यकारी परिषद र सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको निणर्य तथा प्रतिवद्धता साथै विद्यालयको लागि स्थानीय तहको अनुमति लिनुपर्नेछ ।

## परिच्छेद ७

## विद्यालय शिफारिस तथा छनौट सम्बन्धि खर्च/पारिश्रमिकको व्यवस्था

१०. मितेरी विद्यालयहरु छनौट, सम्झौता तथा अन्य सम्बन्धित कार्यहरु गर्न समितिको खर्च व्यवस्था देहाय बमोजिम हुनेछः

क) विश्वविद्यालयको नियमित शैक्षिक कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमका लागि कार्यक्रममा व्यवस्था भए बमोजिम विश्वविद्यालयले नै खर्च/पारिश्रमिकको व्यवस्था गर्ने छ ।

ख) परियोजना वा अन्य संस्थाहरुको सहकार्यमा संचालित कार्यक्रमहरुको हकमा नियम ४ (ख) वा (ग) अनुसार गठित समितिले कार्य गरेवापत पाउने परिश्रमिक सोहि परियोजना वा संस्थाबाट नै व्यवस्था हुनेछ ।

ग) अन्य तोकिएको व्यवस्था बाहेक सामान्यतः खर्च सम्बन्धी व्यवस्था नेपाल सरकारको सार्वजनिक खरीद ऐन, नियमावली तथा नेपाल खुला विश्वविद्यालयले व्यवस्था गरे बमोजिम हुनेछ ।

## परिच्छेद ८
## विविध

११. विश्वविद्यालय वा विद्यालय कुनै पक्षले कार्यक्रमको आयोजना गर्दा आयोजक पक्षले नै आर्थिक व्यवस्थापन गर्नुपर्ने छ । अर्को पक्षले शैक्षिक वा प्राविधिक सहयोग पुचाउनु पर्ने छ र यस बापतको खर्चको व्यवस्था आयोजक पक्षले नै गर्नेछ ।

१२. विद्यालय र विश्वविद्यालयले गर्ने सहकार्यका सम्बन्धमा द्विपक्षीय वा बहुपक्षीय सम्झौता अनुसार विश्वविद्यालयले विद्यालयको कार्यसम्पादनको अनुगमन गर्नेछ र कार्यसम्पादन सन्तोषजनक नभएमा सम्झौता खारेज गर्न सकिने छ ।

१३. यस निर्देशिकामा उल्लेखित व्यवस्थामा द्विविधा हुन गएमा विश्वविद्यालय र विद्यालयमा गरिएको व्यवस्था अनुसार हुनेछ । साथै यस निर्देशिकामा लेखिएको यसै बमोजिम हुने र बाझिन गएमा प्रचलित कानुन बमोजिम हुने छ ।